Everest Institute of Hotel MAnagement
Mahendrapool, Pokhara
Contact : 061-536158, 9846038664, 9806600725
Admission Open
6 months Specialization of Culinary Arts
3 months of Commercial Cooking
2 months of F & B Service
and
Many More .......
Come and Join with us today
Make your bright future for tomorrow

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ९ ○अंक ९० ○श्रेणी 'क' ○२०७३ पुस १४ गते बिहीबार ○29 Dec. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

कोरियन भाषामा नयाँ भर्ना खुल्यो
Eps Topik-2017 का लागि अनुभवी प्रशिक्षकद्वारा नयाँ पाठ्यक्रममा श्रव्यदृश्य माध्यमबाट नयाँ कक्षामा भर्ना खुल्यो।
कक्षाः विहान ८-९ बजे, ९-१० बजे | दिनमा १-२ बजे, ४-५ बजे | साँझमा ५-६ बजे
❖कक्षा संचालन भैरहेको छ ।
सम्पर्क
अन्नपूर्ण कम्प्युटर एण्ड मिडिया
ट्रेनिङ इन्स्टिच्यूट (कोरियन भाषा केन्द्र)
पोखरा-४, सिद्वार्थचोक (पुष्परत्न भवन)
शाखा कार्यालय : पोखरा-१७,विरौटा,(शिब प्लाजा)
फोन :०६१-५२४२२७, ९८५६०३०५५५,९८४७६५५८८८

## पोखरा सडक महोत्सवको उद्घाटन गर्दै शहरी विकास मन्त्री केसीले भने

# छ महिनाभित्र विमानस्थल निर्माण शुरु हुन्छ

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १३ पुस ।**

अंग्रेजी नयाँ बर्षको अवसरमा रेष्टुरेन्ट एण्ड वार एशोसिएशन रेवान पोखराद्वारा आयोजित १८औं पोखरा सडक महोत्सव बुधबारदेखि सुरु भएको छ । 'सडकमै खाऔं, सडकमै नाँचौ, सडकमै रमाऔं भन्ने नाराका साथ आयोजित पाँच दिने महोत्सवको नेपाल सरकारका शहरी विकास मन्त्री अर्जुननरसिंह केसीले उद्घाटन गरेका हुन् ।

उक्त अवसरमा बोल्दै मन्त्री केसीले विदेशी र स्वदेशी पर्यटकहरुलाई लक्षित गरी आयोजना भएको यस्तो महोत्सवले पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे । उनले भने-'पोखरा क्षेत्रको पर्यटन प्रवर्द्धन गर्न यस्ता महोत्सव आवश्यक हुन्छ, यसमा सडकमै खाऔं, सडकमै नाँचौं र सडकमै रमाऔं, भन्ने मूल नारा रहेकोले यसले गर्दा झन पर्यटकहरुलाई महोत्सवमा आकषर्ण गरेको छ ।'

मन्त्री केसीले अबको ६ महिना अर्थात आउँदो जुलाई (२०१७) भित्र पोखरामा अन्तर्राष्ट्रिय विमानस्थलको काम सुरु हुने बताए । मित्र राष्ट्र चीनको एक्जिम बैंकसंग पोखराको विमानस्थल निमार्ण गर्ने विषयमा नेपालको ऋण सम्झौता बारे छलफल भइरहेको बताएका मन्त्री केसीले आगामी जुलाई भित्र विमानस्थलको काम सुरु हुने दाबी गरे । उनले भने-'विमानस्थल निर्माण गर्ने बिषयमा बिस्तृत खाका तयार गर्न समय लागेको हो, आउँदो जुलाई १७ भित्रै काम सुरु हुन्छ, लेखेर राख्नुहोस ।' प्रकृिया पुरा नभई विमानस्थलको शिलन्यास भएकोमा हतार भएको बताउँदै उनले यस्ता प्रक्रियामा हतार गर्ने गरेको टिप्पणी गरे । पोखरामा अन्तर्राष्ट्रिय सभाहल निर्माण पनि आफ्नो पालामा गर्ने योजना भएको भन्दै उनले स्थानीय स्तरबाट पनि यस्ता अभियानमा साथ र सहयोग आवश्यक भएको बताए।




महोत्सव संयोजक गोपी बहादुर भट्टराईले वसुन्धरापार्क जुन उद्देश्यले शिलान्यास भएको छ, त्यही रुपमा छिटो भन्दा छिटो पार्कको रुपमा विकासित हुनुपर्नेमा जोड दिंदै पोखरा क्षेत्रका सार्वजनिक जग्गाको संरक्षणमा सबै लाग्नुपर्ने बताए । सडक महोत्सव पोखराको ब्राण्ड भएकोले हरेक बर्ष आन्तरिक तथा बाह्य पर्यटकहरुलाई व्यवस्थापन गर्न कठिन भएकोले यसमा सवैले सयहोग गर्न उनले आग्रह गरे ।

रेवान पोखराका अध्यक्ष चौबहादुर गुरुङको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन सत्रमा सांसदद्वय यज्ञबहादुर थापा र शारदा पौडेल, कास्कीका प्रमुख जिल्ला अधिकारी हरि प्रसाद मैनाली, पोखरा उपत्यका नगर विकास समितिका अध्यक्ष प्रकाशमोहन खनाल, पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष रविन्सन प्रजु, पोखरा पर्यटन परिषदका अध्यक्ष सोम थापा, रेवान पोखराका महासचिव विश्वराज पौडेलले पोखरा क्षेत्रमा रहेका सार्वजनिक जग्गाको संरक्षण गर्नुपर्नेमा जोड दिएका थिए ।

रेवान पोखरामा आवद्ध भएका ९९ वटा रेष्टुरेण्ट व्यवसायीहरुले विभिन्न देशको खानाका परिकारहरु सडक छेउमा पाहुनाहरुका लागि तयार पारेको रेवान पोखराका अध्यक्ष गुरुङले बताए । यस बर्ष कोमागाने पार्कमा महोत्सवको उद्घाटन सहितको विविध सांस्कृतिक कार्यक्रम संचालन हुँदैछ । यस अघिका बर्ष वसुन्धरा पार्कमा हुने गरेको कार्यक्रम पहिलो पटक कोमागानेपार्कमा भएको हो ।

महोत्सवमा भारत, जापान, रसिया लगायतका देशको सांस्कृतिक कार्यक्रम प्रदर्शनी भएको सांस्कृतिक संयोजक समेत रहेका अध्यक्ष गुरुङले बताए। नेपाली मौलिक खाना, कला, संस्कृति लगायतका कार्यक्रमहरु महोत्सवमा उपलब्ध हुने भएको भट्टराईले बताए । रातिको समयमा पनि अवेरसम्म माईक्रो वस सेवा संचालन हुने भएकोले पोखरा क्षेत्रका स्थानीयलाई माईक्रोवस प्रयोग गर्न महासचिव विश्वराज पौडेलले बताए । पोखरा वस व्यवसायी समितिले यात्रुको चाप र माग अनुसार पोखराका धेरै क्षेत्रमा राति ११ बजेसम्म र अग्रेंजी नयाँ बर्षको दिनमा भने राति एक बजेसम्म सेवा दिने भएको समितिका सचिव अमृत तिमिल्सिनाले बताए । उनले भने-'हामीले सडक महोत्सवलाई सफल पार्न आवश्यक पर्ने वस सेवा संचालन गर्न तयार छौं, यात्रुको माग र चापलाई हामीले मध्यनजर गरी दिउसोकै मूल्यमा भाडा दर कायम हुने छ ।' सडक महोत्सवमा भएको झाँकी प्रतियोगितामा क्षेत्री महिला समूह प्रथम, डुंगा व्यवसायी समित दोश्रो, चितवनको थारु स्टिक डान्स तेश्रो भयो भने चाईनिज ओभरसिज र अन्नपूर्ण आमा समूह सान्त्वना हुन सफल भयो । विजेतालाई २५ हजार, उपविजेतालाई २० हजार तेश्रो हुनेलाई १५ हजार र शान्त्वना भएकालाई जनही १०/१० हजार पुरस्कार प्रदान गरिएको सांस्कृतिक संयोजक समेत रहेका चौबहादुर गुरुङले बताए । झाँकीमा ३६ समूहको संस्थागत सहभागिता रहेको गुरुङले बताए । यसैबीच पोखरा लेकसाइडमा रहेको माउण्ट कैलाश रिसोर्टले करिब दुई महिनाको अवधिमा दुई वटा अन्तर्राष्ट्रिय अवार्ड प्राप्त गर्न सफल भएकोमा महोत्सवको अवसरमा सम्मान गरिएको छ ।

## विमानस्थल निर्माणले तीव्रता पाउने

*नेपाल नागरिक उड्डयन प्राधिकरणले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणलाई तीब्रता दिने भएको छ । प्राधिकरणले बुधबार पत्रकार सम्मेलन गरी विमानस्थल निर्माण कार्यलाई अघि बढाउन पूर्वाधार विकासको कामलाई सुरु गरिएको जानकारी गराएको हो । पत्रकार सम्मेलनमा बोल्दै निगमका प्रवक्ता वीरेन्द्रप्रसाद श्रेष्ठले विमानस्थल निर्माणका लागि १ सय ७ रोपणी जग्गा खरिद प्रक्रिया सुरु गरेको बताए । उनले भने-'पोखरा विमानस्थल निर्माणका लागि आवश्यक पर्ने १ सय ७ रोपनी जग्गा खरिद प्रक्रिया अघि बढाइएको छ ।' साथै उनले गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि जग्गा अधिग्रहणको काम पनि अघि बढाएको जानकारी दिएका छन् । प्राधिकरणले निजगढ विमानस्थल निर्माणका लागि त्यस वरपरको जग्गा अधिग्रहणको कामलाई पनि प्राथमिकतामा राखेको छ ।*

# पृथ्वीको पनि नगरबस

**पोखरा १३ पुस ।(गोल्डेन)**

लामो तथा छोटो दुरीमा सार्वजनिक बस सञ्चालन गर्दै आएको पृथ्वी राजमार्ग बस सञ्चालक समितिले पोखरा नगरमा पनि बस सेवा सुरु गरेको छ । माइक्रो र मिनीबस गरी ५० वटा सार्वजनिक बसबाट बुधबार देखि पोखरा नगर क्षेत्रमा सेवा सुरु गरेको समितिका महासचिव योगेन्द्रबहादुर केसीले जानकारी दिए । पहिलो चरणमा ५० वटा बस सञ्चालन गरिएपनि आवश्यकता अनुसार सेवा बिस्तार गरिने उनले बताए ।

पोखराको छोरेपाटन-बगर-लामाचौर, हल्लनचोक-काहुँखोला, छोरेपाटन-महेन्द्रगुफा, महेन्द्रपुल-काहुँखोला, पोखरा-पुरञ्चौर-भुजुङखोला-जैमुरे, पोखरा-तारेभिर-निर्मलपोखरी-कृस्ती-भरतपोखरी लगायत पोखराका प्राय रुटमा सेवा सञ्चालन गरिएको केसीले जानकारी दिए । पोखरासँगै पोखरा आसपासका ग्रामीण रुटमा पनि पृथ्वीका गाडीहरु सञ्चालनमा आएको केसीले जानकारी दिए ।

उनले भने, 'सस्तो भाडा दरमा स्तरीय बसमा सेवा प्रदान गर्ने हाम्रो लक्ष्य हो ।' पृथ्वीका बसबाट पोखराका जुनसुकै ठाउँमा यात्रा गरेपनि १० रुपैयाँमात्र भाडा लिइने केसीले बताए ।

'नगरभित्र यात्रा गर्दा १० रुपैयाँमात्र भाडा दिन हामी सर्वसाधरण यात्रुसँग आग्रह गर्दछौं,' उनले भने । नगरबाट ग्रामीण क्षेत्रमा यात्रा गर्दा भने छुट्टै भाडादर निर्धारण गरिएको उनले बताए ।

पोखरा बस व्यवसायी समिति र विन्ध्यवासिनी बस व्यवसायी समितिले यस अगाडि पोखरामा नगर बस सञ्चालन गरिरहेका छन् । पोखरा बस व्यवसायी समितिले विगत करिब तीन दशकदेखि पोखरामा नगर बस सञ्चालन गरिरहेको छ भने विन्ध्यवासिनीले यही वर्षदेखि नगर बस सञ्चालन गरेको हो ।

अपाङ्गता भएका व्यक्तिलाई अपशब्द प्रयोग गर्ने, हेला, घृणाको दृष्टिले हेर्ने वा होच्याउने कार्य गर्नु गराउनु हुदैन ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

ग्राहक वर्गमा खुशीको खबर
माछापुच्छ्रे ब्रिक फ्याक्ट्री प्रा.लि.द्वारा उत्पादित गुणस्तरीय, मजबूत, सुन्दर एवं भूकम्प प्रतिरेधात्मक विभिन्न साइज र आकारका इट्टाहरु सर्वत्र बजारमा उपलब्ध छ।
❖मूल्य : रू. ११.५०/- प्रति पिस (करसहित कम्पनी रेटमा)
माछापुच्छ्रे ब्रिक फ्याक्ट्री प्रा.लि.
अधिकृत विक्रेता : श्री विन्ध्यवासिनी ब्रिक सप्लायर्स
पोखरा-८, सृजनाचोक, फोन : ०६१-५३४२३०
९८५६०२४६४९, ९८५६०२१३१८, ९८४६०२१३१८
गुणस्तरीय सेवाका लागि सदैव हामीलाई सम्झनुहोस्।

तु-आवश्यकता
पोखराको चिप्लेढुङ्गा, वि.पि.चोकस्थित यस Almon'ds Cafe & Resturant का लागि निम्न कर्मचारीहरु चाहियो।
वेटर : ३ जना
किचन हेल्पर : २ जना
सम्पर्क
Almon'ds Cafe & Resturant
फोन : ०६१-५३०१७६, ५२४००४

हार्दिक बधाई


श्री रामबहादुर के.सी. अध्यक्ष | श्री वामनाथ पौडेल निवर्तमान अध्यक्ष | श्री मेघनाथ काफ्ले उपाध्यक्ष (खुद्रा) | श्री भलकप्रसाद शर्मा उपाध्यक्ष (थोक) | श्री कृष्णप्रसाद पाण्डे महासचिव


श्री केशरीप्रसाद तिवारी कोषाध्यक्ष | श्री चेतनारायण पाण्डे सचिव | श्री महेश्वर पोखेल "शिव" उप-कोषाध्यक्ष | श्री विष्णुप्रसाद भण्डारी सदस्य (खुद्रा) | श्री विरबहादुर थापा सदस्य (थोक)


श्री हरिप्रसाद शर्मा पौडेल सदस्य | श्री सुरेन्द्र अग्रवाल सदस्य | श्री डोलराज थापा सदस्य | श्री कमला भण्डारी सदस्य | श्री सञ्जिव देवकोटा सदस्य | श्री विराजविक्रम राणा सदस्य

नेपाल औषधी व्यवसायी संघ गण्डकीको ११ औं अधिवेशनबाट हाम्रा आत्मीय मित्र श्री रामबहादुर के.सी. अध्यक्ष, श्री कृष्णप्रसाद पाण्डे महासचिव, श्री केशरीप्रसाद तिवारी कोषाध्यक्ष, श्री चेतनारायण पाण्डे सचिव पदमा निर्वाचित हुनु भएकोमा उहाँहरुलगायत निर्वाचित सम्पूर्ण पदाधिकारीमा कार्यकालको पूर्ण सफलताको कामना गर्दै हार्दिक बधाई ज्ञापन गर्दछौं।

रविन्द्रबहादुर प्रजू
कार्यबाहक अध्यक्ष
एवं पोखरा उद्योग वाणिज्य संघ परिवार

हार्दिक बधाई
श्री केशरी प्रसाद
तिवारीज्यूलाई



नेपाल औषधि व्यवसायी संघ गण्डकीको ११औं अधिवेशनबाट त्रिशूल बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष श्री केशरी प्रसाद तिवारीज्यू गरिमामय कोषाध्यक्ष निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं।

गौतम विजुक्छे
उपाध्यक्ष एवं
त्रिशुल बचत तथा ऋण सहकारी संस्था लि. परिवार

■ अविरल असफलता बाहेक अरू सबै कुरा सहन सकिन्छ ।

- गेटो

## सम्पादकीय ...

# संवादहीनता अन्त्य गर

सरकारले संसदमा दर्ता गराएको संविधान संशोधन विधेयक फिर्ता गर्नुपर्ने माग राख्दै प्रमुख प्रतिपक्ष एमालेलगायतका राजनीतिक दलहले सदन र सडकमा आन्दोलन जारी राखेका छन्। आन्दोलनरत दलहरुले विधेयकलाई देश विखण्डन गर्ने राष्ट्रघाति भएको बताउँदै आएका छन् भने सरकारले मधेशमा देखिएको समस्या समाधान गरेर राष्ट्रलाई निकास दिने उद्देश्यका साथ संविधान संशोधन प्रस्ताव दर्ता गरेको दाबी गरेको छ। सत्ताढ एवं प्रतिपक्षी दलहका आ-आफ्नै अडानका कारण यतिबेला सिंगो मुलुक अनिर्णयको बन्दी बनेको छ। अहिले देखिएको गतिरोध अन्त्य गरेर मुलुकलाई निकास दिनु सबैको साझा जिम्मेवारी हो। तर अहिलेसम्म कोही पूर्वअडानमा टसमस छैनन्। सात सालको परिवर्तनपछि नै मुलुक राजनीतिक स्थायित्व, शान्ति र विकासको मार्गमा अग्रसर हुन सक्नुपर्थ्यो। २०४६/०४७ को परिवर्तनपछि पनि जनतामा नयाँ आशा जागृत भएको थियो। त्यसैगरी गणतन्त्र स्थापनापछि आमजनतामा ठूलो आशाको संचार भएको हो। लामो संघर्ष, वलिदान र क्रान्तिपछि पनि जनताले आधारभूत परिवर्तनको अनुभूति गर्न नसक्नु दुःखलाग्दो कुरा हो। मुलुकको राजनीति सप्रिएको भए यस्तो दुर्दशा भोग्नुपर्ने थिएन होला। अहिले मुलुक फेरि नयाँ द्वन्द्वमा जानसक्ने खतरा छ। यसप्रति राजनीतिक दलहरु जिम्मेवार बन्न सकिरहेका छैनन्। नेपालमा निषेधको राजनीति गर्ने प्रवृत्ति हावी हुँदैछ। निर्दलीय पंचायतले राजनीतिक दलहलाई निषेध गरेकै शैलीमा कुनै पक्षलाई निषेध गर्न खोजियो भने हामी ठूलो दुर्घटनामा फस्नेछौं। त्यसैले यो बेला सत्ता र प्रतिपक्षमा बस्नेहरु चनाखो बन्न सक्नुपर्छ। हामीले सहमतीय राजनीतिक प्रणाली अपनाएका छौं। तर चरित्र र व्यवहार ठीक उल्टो छ। प्रत्यक्ष निर्वाचित कार्यकारीले शासन सत्ता संचालन गर्ने प्रणालीमा पनि जान नसक्ने, कुरा सहमतिका गर्ने तर काम मैले भनेकै अनुसार हुनुपर्छ भन्ने हो भने कहिल्यै पनि निष्कर्षमा पुग्न सकिन्न। संसदीय प्रणालीलाई मान्ने हो र संसदबाटै सबै समस्याको समाधान खोज्ने हो भने अहिलेसम्म सत्तापक्ष र प्रतिपक्ष एउटा साझा निष्कर्षमा पुग्न सक्नुपर्थ्यो। सडकमा आउन कसैले कसैलाई रोक्न सक्दैन, यो जनताको अधिकार पनि हो। हिजो माओवादीले सडकबाटै संविधान घोषणा गर्छौं भने पनि संविधान सभाभित्र सहमति हुँदा नै नयाँ संविधान घोषणा गर्न संभव भएको हो। त्यसैले प्रमुख प्रतिपक्ष एमाले अन्ततः संसदबाटै समस्या समाधान गर्ने विन्दुमा आउनैपर्ने हुन्छ। अहिले शीर्ष नेतृत्व तहमा प्रमुख दलका नेताहबीच जे जस्ता घोंचपेच भइरहेका छन्, त्यसले सहमतिको वातावरण बनाउन मद्दत गर्दैन। त्यसैले अहिले देखिएको वाक्युद्ध रोकेर संवादमा आउन जरुरी छ। सत्तापक्ष र प्रतिपक्षबीचको संवादहीनताको स्थिति तत्काल अन्त्य गरिनुपर्छ।

## आजको पञ्चाङ्ग

**मिति २०७३ साल पौष १४ गते बिहीबार, तदनुसार दिसेम्वर २९ सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३७, सौम्यनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार पौषकृष्णपक्ष चलिरहेको छ। सौरमान अनुसार आज पौषकृष्णपक्षको अमावास्या तिथि अहोरात्र रहनेछ। आज सूर्य धनु राशिमा, चन्द्रमा धनु राशिमा अहोरात्र रहनेछ। आज दिनमान २५ घटि ५० पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ५२ मिनेटमा रावण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर १६ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : पुरानो कार्यबाट आम्दानीमा एक्कासि बृद्धि, सहयोगी हातहरु बढ्नेछन्, धर्मकर्ममा मन जानेछ समय शुभ छ ।

**वृष** : पारिवारिक किचलो थपिनाले मानसिक चिन्ता बढ्दै जानेछ, नकारात्मक सोचाईले गर्दा आफैलाई घाटा हुनेछ ।

**मिथुन** : स्वास्थ्य भरपर्दो हुनेछैन, खानेकुरामा सतर्क रहनुहोला, जोसँग पनि विवाद पर्न सक्नेछ, चनाखो भई कार्य शुरु गर्नुहोला ।

**कर्कट** : नयाँ मित्रसँग भेट, आर्थिक क्षेत्रबाट लाभ पाइने, अधुरो कार्य पुरा हुने सम्भावना दिन महत्वपूर्ण रहनेछ ।

**सिंह** : आम्दानीमा गिरावट आउनेछ, समय विवादित रहनेछन, चुनौतिमाथि चुनौति थपिनेछ चनाखो हुनुहोला ।

**कन्या** : मित्रहरुबाट सहयोग पाइनेछ, कला क्षेत्रमा अभिरुचिबढ्ने, एकमुष्ठ रकम संकलन हुने, स्वादिष्ट ब्यञ्जन प्राप्त हुनेछ ।

**तुला** : पारिवारिक विरोध खेप्नुपर्ने, आफ्नै पेशाबाट घाटा हुन सक्ने, सामाजिक कचिलोले गर्दा दिनभर चिन्ता पर्नेछ ।

**वृश्चिक** : शत्रुबाट मानसिक पीडा थपिनेछ, पारिवारिक झगडाले ठूलै रुप लिनेछ, आफन्तबाट विशेष कार्यमा धोका हुने।

**धनु** : एक्कासि धन तथा जमिन लाभ पाइने, नयाँ कार्यमा लगानी हुन सक्नेछ, दिन सबै प्रकारले शुभ रहनेछ ।

**मकर** : दैनिक कार्य अधुरा हुन सक्नेछ, विरोधीहरु सक्रिय हुदै जान सक्नेछन, स्वास्थ्य हानी समय तथा दिन खराब रहनेछ ।

**कुम्भ** : शैक्षिक तथा सामाजिक प्रगति हुने, प्रेमप्रसँग सुमधुर रहन सक्नेछन्, आदर सत्कार पाइने ठाउँमा सरिक हनु पाइनेछ ।

**मीन** : आफ्नै पेशाबाट नोक्सान व्यहोर्नुपर्ने, यात्रा गर्दा कठिनाई, पढाईमा मन नजाने, समय खराब छ सतर्क रहनुहोला ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# त्यसो भए विगतका आन्दोलनहरु फगत भ्रम थिए ?



**डा. बाबुराम भट्टराई**

लोकतान्त्रिक गणतन्त्रको आन्दोलन सम्पन्न भएको १० बर्ष पूरा हुदैछ । माओवादी जनयुद्ध, शान्ति प्रक्रिया, संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्ति र संविधान(०७२ को घोषणाका बर्षहरु गन्दा हामीले २१ बर्ष पूरा गरेका छौं । यी २१ बर्षहरु हाम्रो लागि तीब्र राजनीतिक उथलपुथल, संघर्ष र उतार-चढावका बर्षहरु भए । जसले हाम्रो अर्थराजनीतिक युगलाई नै परिवर्तन गरेका छन् । हाम्रो आफ्नै सामर्थ्यका बलमा हामीले संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्त गरेका छौं । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान ०७२ जारी भएको पनि डेढ बर्ष पूरा हुँदैछ । नेपाली राजनीतिका पछिल्ला २१ बर्षहरुको प्रभाव र उपलब्धिहरुमाथि भबिष्यमा कसैले अनुसन्धान र व्याख्या गर्ला । हामी गर्व गर्दछौं कि ती उतार-चढावहरुको साक्षी र सहयोद्धा तपाईं हामी सबै हौं । यसर्थ नै हामी अहिले के गर्दैछौं ? विगत आन्दोलनहरुको 'स्पिरिट' के थियो र के भइरहेको छ ? किन संविधान कार्यान्वयनमा अलमल भइरहेको छ ? दोषी को को छन् ? र नेपालको समृद्धिको सपना के होला ? यस्ता प्रश्नहरुमाथि हाम्रो मुख्य सरोकार छ । त्यस्तो सरोकार राख्ने हाम्रो पूर्ण हक पनि छ ।

त्यही स्वामित्वका साथ नेपालको संविधान ०७२ को संशोधनकालागि भएका पछिल्ला प्रयत्न, सशोधन विधेयकमाथिको तनाव र संविधान संशोधन विधेयकलाई पारित गर्ने विकल्पहरु साथ म हाम्रो पार्टीको तर्फबाट छलफल प्रारम्भ गर्न चाहन्छु । छलफलको प्रारम्भमा नै मेरा केही प्रश्नहरु छन् । यी प्रश्नहरुलाई हामी सबैका साझा प्रश्न बनाऔ र साझा जवाफ खोजौं भन्ने मेरो अनुरोध हो । मुख्यतः नयाँ संविधान जारी भएको एक वर्षमा पनि संविधान कार्यान्वयनले गति लिन सकेन किन ? सबैलाई थाहा छ कि मधेसी, थारु र आदिवासी जनजातिहरु संविधानसँग असन्तुष्ट छन् । उनीहरु आफ्ना केही मागहरु पूरा हुनुपर्ने अडानमा छन् । त्यसैले उनीहरु आन्दोलनमा छन् । संविधान जारी हुनुभन्दा चालिस दिन अघिदेखि नै उनीहरु निरन्तर संघर्षमा छन् । अतः यो आन्दोलनको सम्बोधन विना संविधान संशोधन र कार्यान्वयन हुन सक्दैन । यही अवस्थामा निर्वाचन पनि असम्भव देखिन्छ ।

यस्तो सत्य जगजाहेर हुँदाहुँदै पनि संविधान माथिका असन्तुष्टिहरु को सुनुवाई किन हुन सकिरहेको छैन ? हामीले निकै ठूलो बलिदानपछि लोकतन्त्र प्राप्त गरेका छौं । लोकतन्त्रमा सबै जनताका आधारभूत मागहरुको सम्बोधन हुनुपर्छ । तर हाम्रो लोकतन्त्रमा किन यति धेरै संकुचन छ कि यसले संविधानमाथिका असन्तुष्टिहरुको सुनुवाई गर्न सकेन ? के दलहरु, नेताहरु र सरकार स्वयं यति धेरै उदासीन हुन मिल्छ ? हामीले समस्या समाधानका लागि एउटा मार्गचित्र प्रस्ताव गरेका छौं । पहिलो, संविधानका असन्तुष्टिहरु माथि सुनुवाईस दोस्रो, संविधान संशोधन तेश्रो, नयाँ संरचनाका आधारमा एकैपटक तीनवटै निर्वाचन र चौथो, राष्ट्रिय एकता र स्थायीत्व सहित समृद्धिको प्रारम्भ । यसकालागि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था गरौं भन्ने हाम्रो भनाई हो । यो मार्गचित्रको पहिलो पाइला नै संवाद र सहमतिका माध्यमबाट संविधान संशोधन हो । यस्तो सिधा कुरामा विलम्व, आलटाल र उल्टो यात्रा किन ? यी नै प्रश्नहरुमाथि गम्भीर विमर्श गर्दै समकालीन राजनीतिक गतिरोध अन्त्यका लागि विकल्पहरुको खोजी गरौं ।

**पछिल्ला समस्याहरु कहाँ छन् ?**

सरकारले दोश्रो पटक संविधान संशोधन विधेयक संसदमा दर्ता गर्यो । तर विधेयक दर्ता र राजनीतिक मनसायहरुमा गम्भीर समस्या र द्विविधाहरु देखा परेका छन् । त्यहीँबाट समस्या समाधानको प्रारम्भ गर्नुपर्छ । सरकार र सरकारमा संलग्न पार्टीहरुले संविधान संशोधन विधेयक दर्ता गर्नु अगाडि थोरै पनि पार्टी र सरकारी गठवन्धनबीच संवाद गरेको देखिएन । परिणाम सरकारमा रहेका दलका महत्वपूर्ण नेताहरु नै संशोधन विधेयकको विपक्षमा सडकमा आएको देखियो । सस्तो लोकप्रियता र प्रचारबाजीमा सरकारी गठवन्धनकै नेताहरु फसेको देखियो। न त सरकारी गठवन्धनमा संलग्न पार्टीहरुबीच मुद्दामा एकरुपता पाइयो न त पार्टीभित्र नै समान धारणा देखियो । यसले विधेयकको महत्व, प्रभाव र प्रस्तुति कमजोर बनायो । यो राम्रो सुरुवात भएन । यसले विधेयकमाथि गम्भीर बिमर्ष गर्ने प्रयत्नलाई विथोल्यो ।

-संविधान संशोधन विधेयकको मुख्य सरोकारवाला मधेसी, थारु र जनजाति समुदाय र सम्वद्ध दलहरु हुन् । उनीहरुकै मागलाई सम्वोधन गर्न संविधान संशोधनको प्रयत्न गरिएको स्पष्ट नै छ । तर सरकारले संशोधन विधेयकका मुख्य सरोकारवालाहरुलाई विधेयक ल्याउने प्रक्रियामा थोरै पनि सहभागी गराउने, संवाद गर्ने र स्वामित्व दिने काम गरेन । आन्दोलनरत पक्षलाई बिश्वासमा नलिँदा विधेयक अलपत्र पर्‍यो । यसले बिधेयकको 'प्रोसेस' र 'कन्टेन्ट' दुवैलाई सन्तुलित र साझा बनाउन सकेन ।

-सरकारी गठवन्धनलाई थाहा भएकै हुनुपर्छ यो बिषयमा एमाले सकारात्मक थिएन । तर उसलाई या त सकारात्मक बनाउनु पर्थ्यो अथवा संशोधनको पक्षमा जनमत निर्माण गर्न विधेयकका प्रस्तावक दलहरुले प्रयत्न गर्नु पर्दथ्यो । सरकारले संशोधनको पक्षमा जनमत बनाउन नसक्दा एमालेले निरन्तर बिरोध गर्ने अवसर प्राप्त गर्‍यो । परिणाम विधेयकमाथि नै भ्रमहरु सिर्जना भए र ध्रुवीकरणको अवस्था बन्यो ।

-संशोधन विधेयकका बिषयमा जे जस्ता पक्ष वा विपक्षका प्रयत्नहरु भए त्यसले प्रधानमन्त्री स्वयंको अडान र स्वामित्व कमजोर भएको देखियो । परिणाम संविधान संशोधन विधेयक स्थगित गर्ने प्रयत्नहरु पनि कहीँकतै गरिए । यसैका लागि बीचमा दुईवटा निर्वाचन सम्वन्धी विधेयकहरु दर्ता गरिए । कांग्रेस, एमाले र माओवादी केन्द्रका नेताहरु यथाअवस्थामा नै निर्वाचनका लागि तयार रहेको संकेत सार्वजनिक भयो । यसले थप तरंग सिर्जना गर्‍यो । यस्तो द्विविधाले पनि संविधान संशोधन विधेयकको भविष्यलाई अन्यौल बनायो । यस्तो अन्यौलमा रहनु उचित थिएन ।

-यही अन्यौलबीच, नयाँ शक्ति पार्टी, नेपालले सबैका बीचमा संवाद चलाउन प्रयत्न गरिरहेको छ । परिणाम स्वरुप मधेसवादी दल, सरकार र कांग्रेस सभापतिबीच संवाद भयो । जसले सरकारलाई संविधान संशोधन विधेयकमा अलमल गर्दै यथाअवस्थामा निर्वाचनमा जाने उल्टो बाटो हिँड्न तत्काल रोकेको छ । जगजाहेर छ कि उल्टो वाटो हिँडेर गन्तव्यमा पुगिँदैन । अतः संविधान संशोधनको मार्गचित्रमा अडिग रहनु र संवादलाई सुरुगर्नु नै अहिलेको एकमात्र विकल्प हो ।

**टकराव कि सहमति ?**

सबैले एउटा प्रश्न गरौं, टकरावमा जाने कि सहमति गर्ने ? ध्रुवीकरणमा जाने कि सहकार्यमा ? नेपाली राजनीतिका पछिल्ला केही वर्षहरु निरन्तर टकराव र ध्रुवीकरणबाट गुज्रिरहेका छन् । अब यस्तो प्रवृत्तिको अन्त्य हुनुपर्छ र आधारभूत बिषयमा संवाद र सहमति गर्दै समृद्धिको यात्रा तय गर्नुपर्छ । हामी द्वन्दपछि समृद्धिका मुद्दाहरु लिएर अगाडि बढ्दैछौं । अतः नयाँ शक्ति पार्टी नेपाल द्वन्दमा हैन सहमति, एकता र समृद्धिकालागि क्रियाशील छ । यसका लागि हामीले आशंका र द्वन्द बढाउने हैन बिश्वास बढाउनु पर्छ ।

अहिले दलहरुबीच संविधान संशोधन कि निर्वाचन भन्ने मुद्दामा विमति र ध्रुवीकरण देखिएका छन् । यस्तो सरल विषयमा अन्यौल र असामन्जस्यता सिर्जना गर्नुको कुनै अर्थ छैन । यस्ता बिषयमा विवाद र ध्रुवीकरण गर्दै जाने हो भने समृद्धिको गन्तब्यमा पुग्न सकिँदैन । त्यो ठूलो दुर्भाग्य हुन्छ ।

निकै दुःखको कुरा छ कि केही साथीहरु ध्रुवीकरण बढाउने प्रयत्नमा छन् । मूलतः बिपक्षी दल जनताको कमलो मनमा आशंकाको बिष बृक्ष रोपिरहेको छ । हाम्रा आन्तरिक समस्याहरु समाधान गर्न आफ्नै प्रयत्नलाई सिर्जनशील बनाउनुपर्नेमा केही नेताहरु आशंका र भ्रमको खेती गरिरहेका छन् । स्वभावतः यसकालागि उनीहरुले प्रयोग गरेका बिषयहरु निकै गम्भीर छन् । उनीहरु एकल जातीय अहंकारवादको आडमा राष्ट्रवादको खेती गरिरहेका छन् । उनीहरु छिमेकी हस्तक्षेपको भ्रान्ति दिइरहेका छन् । केही साथीहरु जातीय तथा क्षेत्रीय संकीर्णताको वीऊ छरिरहेका छन् । यस्तो भ्रम पारिँदै छ कि हाम्रा अग्रगामी एजेण्डाहरु हाम्रा होइनन् । यी बाह्य शक्तिले नियोजित रुपमा ल्याएका एजेण्डाहरु हुन् । के लोकतन्त्र, गणतन्त्र, धर्मनिरपेक्षता र संघीयता सबै अरुकै मुद्दा हुन् ? के त्यसो भए विगतका आन्दोलनहरु फगत भ्रम थिए ? त्यसो होइन । हामीले ठूलो बलिदानपछि लोकतन्त्र, गणतन्त्र, धर्मनिरपेक्षता र संघीयता स्थापित गरेका हौं । यी मुद्दाहरुलाई हामीले जोगाउनुपर्छ । हामीले आफ्ना आन्तरिक मामला हल गर्न नसक्दा छिमेकीले हात हाल्ने अवसर मात्र पाउँछ ।

केही साथीहरुमा नियोजित भ्रम छ कि समथर भूभागलाई मात्र राखेर प्रदेश बनाउनै हुँदैन । यसले बिखण्डन निम्त्याउँछ । यो नियोजित भड्काव हो । यस्तो गलत विचारलाई सडक संघर्षमार्फत साथीहरु प्रोत्साहित गरिरहेका छन् । संघीय प्रदेश भूगोलको आधारमा हैन मूलतः जनसंख्याको जातीयरभाषिक बनोट र ऐतिहासिक वसोबासको आधारमा निर्माण हुन्छ । उनीहरु ठान्दछन् संविधान संशोधन गर्नु जातिवाद, छिमकी हस्तक्षेप र अलगावलाई प्रश्रय दिनु हो । जुन सरासर वेठीक प्रचारवाजी हो । उनीहरुले बुझ्नुपर्ने हो कि आशंकाको प्रचारवाजीले तत्काल उनीहरुलाई राजनीतिक फाइदा त होला तर देशको भावनात्मक एकीकरण गर्दैन । बरु विखण्डनको वीऊ रोपिन्छ । तराई(मधेसका जनताको निष्ठालाई शंका गरेर हामी कतै पनि पुग्दैनौं । तराई(मधेसलाई समग्र राष्ट्रियताको हिस्सेदारी दिँदा नै यो देश बलियो हुन्छ । हामीले एक अर्कोलाई आशंका गरेर हैन बिश्वास गरेर इन्द्रधनुष राज्य बनाउने हो । यसकालागि सबैको सहमतिमा संविधान संशोधन गर्नु नै आजको आवश्यकता हो ।

केही साथीहरु संविधान संशोधन नभई यसको कार्यान्वयनको माग गरिरहेका छन् । बिशेषतः प्रमुख प्रतिपक्षी दलका साथीहरु राज्यका पुरानै संरचना अन्तरगत निर्वाचनको घोषणा गर्ने माग गरिरहेका छन् । उनीहरु भन्छन्- संविधान कार्यान्वयन गरौं । हो, निश्चयनै निर्वाचन आवश्यक छ । संविधानको कार्यान्वयन नगरी हुँदैन । सबैले चाहेको संविधान कार्यान्वयन नै हो । तर के तत्काल निर्वाचन सम्भव छ ? के संविधानको खुरुखुरु कार्यान्वयन हुन्छ ? यी दुवै काम गर्नकालागि केही आधारभूत शर्तहरु छन् । देश संविधानतः संघीयतामा गैसकेपछि प्रदेश र स्थानीय तहको पुनःसंरचनापछि मात्र निर्वाचन सम्भव र उपयुक्त हुन्छ । अतः ती शर्तहरुलाई नजरअन्दाज गरेर न त निर्वाचन हुन्छ, न त संविधान कार्यान्वयन नै ।

जगजाहेर छ कि यथास्थितिमा बलपूर्वक निर्वाचन भए त्यो जनआन्दोलन र अग्रगामी परिवर्तनको भावना विपरित हुन्छ र त्यसले देशमा स्थीरता र शान्तिको वातावरण बनाउँदैन । त्यो ज्ञानेन्द्रपथ हुनजान्छ । निर्वाचन र संविधान कार्यान्वयनको छली कुरा गरेर सस्तो लोकप्रियता त मिल्ला तर राजनीतिक निकास आउँदैन । यसले राजनीतिक टकराव ल्याउँछ । यसले अस्वाभाविक ध्रुवीकरण गर्छ । यो ध्रुवीकरणले संघीयतावादी र विरोधीको कित्ताकाट गर्नेछ । जब संघीयतामाथि प्रश्नहरु उठ्छन् त्यहीँबाट धर्मनिरपेक्षतामाथि पनि प्रश्नहरु उठ्नेछन् । यसरी त हाम्रो गणतन्त्रमाथि पनि प्रश्न उठ्लान् । केही मान्छेहरु २०४७ सालकै संविधान ब्युँताउने प्रयत्नमा लागिरहेकै छन् । हालसालै पूर्वराजा ज्ञानेन्द्रले सार्वजनिक विज्ञप्ति जारी गरेर आफ्नो प्रतिगामी र पुनरुत्थानवादी ध्येयको सूचना दिइसकेका छन् । उनीहरु सबै हौसिने छन् । यो प्रतिगमन हुनेछ । यस्तो प्रतिगमनको बाटोमा किन पाइला राख्ने ? हामीले जाने त अग्रगमन नै हो । हामीले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत र बलियो बनाउने हो । यसमा अन्यौल, आपसी आशंका र टकराव निकै घातक हुनेछ ।

**सहमतिका विकल्पहरुको खोजी गरौं**

हामीसँग सहमतिका के कस्ता मजबुत विकल्पहरु छन् खोजी गरौं । अहिले दुईवटा बिषयहरु राजनीतिक प्रस्तावमा छन् । छिटो संविधान कार्यान्वयनको नाउँमा यथास्थितिमा निर्वाचन कि संविधानको वास्तविक र दीगो कार्यान्वयनका लागि संविधान संशोधन र त्यसपछि निर्वाचन । वास्तवमा संविधान संशोधन र निर्वाचन एक अर्कासँग अभिभाज्य छन् । यी अलग बिषयहरु होइनन् । यी बिषयहरुलाई अलग गर्नासाथ परिस्थिति उल्टो दिशामा जान्छ । अतः दीगो समस्या समाधानका लागि संविधान संशोधन र निर्वाचन नै मुख्य सूत्र हो । यसकालागि राजनीतिक सहमतिका आधारमा परिमार्जन सहित संविधान संशोधन विधेयकलाई प्रक्रियामा लैजानु र पारित गर्नु वाहेक अर्को विकल्प छैन । तर संविधान संशोधन विधेयक प्रक्रियामा लैजानकालागि विधेयकमाथि नै केही संशोधन वा परिमार्जन आवश्यक छ । यसमा प्रधानमन्त्री स्वयंको समेत सकारात्मक भनाई देखिन्छ । अतः विधेयकलाई सम्भव भएसम्म साझा बनाउन बिशेष संवाद थालौं । अशंका रहित संवाद गरौं । एक अर्काका भावना, सीमा र देशका आवश्यकताहरुलाई मनन् गरौं । यसकालागि आन्दोलनरत पक्षहरुको मागको सुनुवाई गरौं र सम्भव भएसम्म दुवै पक्ष लचिलो बनौं ।

मूलतः संविधान संशोधनको कुरा हुँदा प्रदेशहरुको सीमांकनको बिषय नै मुख्य विषय बन्ने पक्का छ । प्रदेशहरु कस्ता बनाउने ? यसको चरित्र के हुन्छ ? सीमाना के आधारमा छुट्याउने ? आदि । यसकालागि केही राजनीतिक बिषयहरुमा सहमति गरौं । हामी सबैलाई थाहा छ कि, संघीय लोकतान्त्रिक गणतन्त्रको महत्वपूर्ण कार्यभार 'राज्य पुनर्संरचना' हो । हामीले राजनीतिक उपलब्धिहरु त पायौ तर राज्यको अग्रगामी पुनर्संरचना गर्न बाँकी नै छ । संघीयता मार्फत राज्यको अग्रगामी पुनर्संरचना गर्ने हो । अतः संघीयतालाई जुन मान्यताकासाथ अन्तरिम संविधान र संविधानसभाको राज्य पुनर्संरचना समिति तथा राज्य पुनर्संरचना आयोगको प्रतिवेदन र सिफारिशमा प्रस्ताव गरिएको हो त्यसलाई सबैले स्वीकार गरौं । यो मूलतः पहिचानका पाँच आधार र सामर्थ्यका चार आधारमा टेकेर तथा एक प्रतिशत भन्दा बढी जातीय वा भाषिक जनसंख्या भएका समुदायहरुको ऐतिहासिक थातथलो नटुक्रिने स्वायत्त प्रदेशहरुको सीमांकन गर्नु हो । यो नयाँ आधारमा राष्ट्रिय एकताको प्रयोग पनि हो । अतः यसमा टेकौं र अगाडि बढौं ।

यसका लागि नेपालमा जुन इन्द्रेणी राष्ट्रियता छ त्यसलाई यो संविधान संशोधन मार्फत सम्वोधन गरौं । यसकालागि आदिवासी जनजाति, मधेसी-थारु र खस-आर्यको यथोचित स्थान हुनेगरी संघीयता बनाऔं । संविधान संशोधनका लागि यो अग्रगामी बाटो रोजौं । पश्चगामी होइन । यसका लागि विगतमा आन्दोलनकारीहरुसँग गरिएका सम्झौता र राज्य पुनर्संरचना आयोगले गरेको प्रस्तावमा उभिएर संवाद गरौं । त्यो सहमतिको आधार बन्नसक्छ । खुल्ला संवादमा अहिले जे जति गर्न सकिन्छ गरौं । त्यसलाई हार वा जीतको बिषय नभई जीत-जीतको बिषय बनाऔं । संवादका लागि सबै पक्षबीच दूरी कम गरौं । विश्वासको वातावरण बनाऔं । यसकालागि सबैले सडक संघर्षका हतारोहरु त्यागौं । नेताहरुले धैर्य गरौं । सस्तो लोकप्रियताका पछि नलागौं । संवादमा आवश्यक परे नागरिक अगुवाहरुलाई मध्यस्थताको लागि सहयोग माग्न सकिन्छ । यसो गरिरहँदा आन्दोलनरत पक्षहरुलाई संशोधन विधेयकमा आलोचनात्मक समर्थन गर्न प्रेरित गर्न सकिन्छ । आफ्ना मुद्दाहरुलाई लिएर निर्वाचनमा जाने आन्दोलनरत पक्षलाई विकल्प पनि खुल्छ । यसरी संविधान संशोधन र तीनवटै निर्वाचनको घोषणा एकैपटक गर्न सकिन्छ । यसो गर्दा कसैको पक्ष या विपक्षमा होईन, राष्ट्रको हितमा निर्णय हुन्छ । यसरी मात्र संविधान कार्यान्वयन र समृद्धिको मार्ग खुल्न जान्छ ।

हाम्रो संविधानको भविष्य के होला ? कतिपय मान्छेहरुको आशंका छ कि यो संविधान २०७४ माघ ८ गतेपछि सकिन्छ । देशमा अस्थीरता चाहने समूह र परम्परागत शक्ति, कुनैपनि वहानामा यो संविधानलाई असफल बनाउन चाहन्छ । उनीहरु न त निर्वाचन, न त स्थीर सरकार, न त विकास, न त समृद्धिको परिणामविहीन अवस्थामा देशलाई राख्न चाहन्छन् । जसले गर्दा विकल्पमा आफूलाई प्रस्तुत गर्न सकियोस् । यद्यपि देशको सबैखाले परिवर्तनकारी शक्तिहरु विद्यमान द्वन्द समाधान गरी संविधानको कार्यान्वयन भएको देख्न चाहन्छन् । यो नै हाम्रा सबैखाले आन्दोलनहरुको मूल 'स्पिरिट' हो ।

अन्त्यमा, यो संविधान विगत ७० वर्षदेखि जनताले गरेको त्याग, वलिदान र संघर्षको परिणामस्वरुप प्राप्त गरेको दस्तावेज हो । त्यसैले प्रक्रिया (संविधानसभाबाट आएको हुनाले) का हिसाबले यो संविधान सह्रानीय छ । तर जनताले चाहेको विषयवस्तुका हिसाबले यो संविधान सर्वस्वीकार्य हुन सकेन । त्यसैले संविधान संशोधन मार्फत नपुग भएका विषय समेटेर सबैको स्वीकार्य वनाउँदै कार्यान्वयनमा लैजानु नै आजको सबैभन्दा सुन्दर विकल्प हो । यसो गर्न नसक्दा प्राप्त राजनैतिक उपलब्धीहरु पनि गुम्ने खतरा रहन्छ । त्यसैले कुनै पनि हालतमा यो संविधानलाई असफल बनाउन हुँदैन । संविधानको सफल कार्यान्वयन बाहेक हामीसँग अर्को विकल्प पनि छैन । यही नै संविधानलाई बचाउने एक मात्र आधार हो । संविधानलाई बचाउने, यसलाई अझ समृद्ध बनाउने, निर्वाचनमा जाने र राष्ट्रिय एकताका साथ स्थायीत्व, शान्ति, सामाजिक न्याय सहित समृद्धिको यात्रामा अगाडि जान नयाँ शक्ति पार्टी सदैव सबैसँग साथ रहनेछ ।

*(नयाँ शक्ति पार्टी नेपालले गरेको कार्यक्रममा डा. भट्टराईले 'संविधान संशोधनको गतिरोध र समाधानका विकल्पहरु' शीर्षकमा राखेको धारणा)*

# ढिकुरपोखरीमा शैक्षिक तथा धार्मिक महोत्सव

**पोखरा १२ पुस ।**

कास्कीको ढिकुरपोखरीमा हुन लागेको शैक्षिक तथा धार्मिक महोत्सवको तयारी अन्तिम चरणमा पुगेको छ। माघ ५ देखि १२ गतेसम्म हुने महोत्सवको तयारी अन्तिम चरणमा पुगेको बताइन्छ। शिक्षालाई युगसापेक्ष र समुदायको चाहना अनुसार रुपान्तरण गर्ने क्रममा माछापुच्छ्रे मावि तथा क्याम्पसमा प्राविधिक शिक्षासहित यसका फिडर स्कूलहरूको गुणस्तर अभिवृद्धि गरी सिंगो ढिकुरपोखरी लाई शैक्षिक केन्द्रका रुपमा विकास गर्ने उद्देश्यले महोत्सव गर्न लागिएको हो। महोत्सवमा अन्तर्राष्ट्रिय कथावाचक गुरु गोविन्दशरण महाराज र मधुर वाणीका धनी मीरादेवीले सङ्गीतमय श्रीमद्भागवत् कथावाचन गर्ने मूल आयोजक समितिका अध्यक्ष पुण्यप्रसाद पौडेलले जानकारी दिए। उनका अनुसार शैक्षिक तथा धार्मिक महोत्सवमा पाँच हजार एक सय शान्तिकलश पूजन, सहस्र शालिग्राम पूजा, विराट धन धन्याञ्चल महापर्व, तुलादान, चौरासी पूजा, व्रतवन्ध, शैक्षिक प्रदर्शनी, विभिन्न धार्मिक सम्प्रदायका धर्म गुरुको सहभागिता र राष्ट्रिय कलाकारहरु बाट सङ्गीतमय भजनकीर्तन हुनेछ।

महोत्सवबाट ६ करोड आर्थिक संकलन र ५० लाख खर्च लाग्ने अनुमान गरिएको छ। यस विद्यालयका शिक्षक, विद्यार्थी, पूव विद्यार्थी, अभिभावक, गाविसवासी, विभिन्न समिति तथा समूह संघ, संस्थासाथै राजनीतिक, सामाजिक कार्यकर्ता तथा शिक्षाप्रेमीलाई उत्साहपूर्ण सहभागी रहने आयोजकको अपेक्षा छ। महोत्सवमा एक लाख बढीको सहभागिता रहने बताइएको छ। पूर्व जिविस सभापति तथा क्याम्पस व्यवस्थापन समिति अध्यक्ष पुण्यप्रसाद पौडेलको अध्यक्षतामा पाँच हजार पाँच सय ५५ सदस्यीय मूल आयोजक समिति र ४२ उपसमिति गठन गरिएको छ।

प्रमुख संरक्षकमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र संरक्षकमा संस्थापक क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष पं अनन्तनाथ शर्मालगायत कास्की जिल्ला पार्टी प्रमुखहरू, सांसदहरू छन्। राजनीतिक दलका गाविस स्तरीय प्रमुख वरिष्ठ उपाध्यक्ष र दलका जिल्लास्तरीय प्रतिनिधि, सम्पर्क समाजका अध्यक्ष, क्याम्पस स्थापनाकालका संरक्षक, छात्रवृत्तिकोष संस्थापक महोत्सवका उपाध्यक्ष रहेका छन्। २०५६ सालमा पं नारायणप्रसाद पोखेलको प्रमुख वाचकत्वमा भएको महायज्ञमा १४ लाख रुपैयाँ बचत भएकोमा अन्य स्रोतबाट रकम थप गरी २० लाख पुऱ्याई बैंकमा राखी उक्त रकमबाट प्राप्त हुने ब्याज कयाम्पसले प्रयोग गर्दै आएको छ।

स्थापनाकालदेखि हालसम्म जग्गा, भौतिक तथा नगद दान तथा छात्रवृत्ति प्रदान गर्ने दातालाई उच्च सम्मान गर्दै महोत्सवको स्मारिकामा प्रकाशन गरिने अध्यक्ष पौडेलले जानकारी दिए। माछापुच्छ्रे मावि तथा क्याम्पसका फिडर स्कुलको गुणस्तर अभिवृद्धि गर्नका लागि महोत्सवबाट संकलन भएको रकमले माछापुच्छ्रे माविमा कक्षा ११ र १२ मा विज्ञानमा विद्यार्थी संख्या वृद्धि गर्ने फिडर स्कुलमा गणित र विज्ञानका विषय शिक्षकको व्यवस्था गर्नुका साथै अंग्रेजी माध्यममा पठन-पाठन गराइने लक्ष्य लिइएको छ।

त्यसैगरी शिक्षकलाई पेशागतरुपमा अध्यावधि गर्न विभिन्न कार्यक्रम र वृत्ति विकासका कार्यक्रम सञ्चालन गरिने, प्रत्येक फिडर स्कूलमा कम्प्युटर र इन्टरनेटको सुविधा उपलब्ध गराइने, ढिकुरपोखरीमा शैक्षिक अनुसन्धान केन्द्र स्थापना गरी शैक्षिक परामर्श उपलब्ध गराइने, कक्षा ११ र १२ को पठन-पाठनका लागि नपुग कक्षाकोठा, पुस्तकालय, विज्ञान प्रयोगशाला र छात्रवास निर्माण गरिने लक्ष्य लिइएको छ।

ढिकुरपोखरीमा प्राविधिक शिक्षा सञ्चालन गर्ने क्रममा पोखरा विश्वविद्यालयको आङ्गिक क्याम्पसको रुपमा कृषि इन्जिनियरिङ क्याम्पस सञ्चालन गर्न प्रारम्भिक प्रक्रिया सुरु भइसकेको छ। न्यून जन्मदर, बसाइसराइ, रोजगारको अवसर नपाउनु र विद्यार्थी प्राविधिक शिक्षातर्फ आकर्षित हुनुका कारण ग्रामीण भेगका शैक्षिक संस्थामा विद्यार्थी संख्या न्यून हुँदै गएको र विद्यार्थीको आकर्षण बढाउनका लागि पनि यो अभियानमा जुटेको अध्यक्ष पौडेलले बताए। फेवातालको शिर, अन्नपूर्ण हिम श्रृङ्खला र पञ्चासेको काखमा रहेको पोखरादेखि २४ किमि पश्चिममा अत्यन्तै रमणीय र पर्यटकीय ठाउँ ढिकुरपोखरीमा २००७ अगाडि नै संस्कृत शिक्षाको पठन-पाठन भएको र २०१५ देखि भारतीय सैनिक कोषको सहयोगमा अंग्रेजी शिक्षामा पढाइ भएको थियो। २०१६ सालमा राजा महेन्द्रले शिलान्यास गरी नागडाँडामा महेन्द्र प्रावि स्थापना भयो।

सोही विद्यालयमा २०२४ सालमा दार्शनिक निमावि सञ्चालन भएको थियो। २०२८ सालमा उक्त निमावि माछापुच्छ्रे माविमा प्रस्तावित भई २०२९ सालमा स्थायी स्वीकृति प्राप्त गरेको थियो।२०४८ सालमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत प्रमाणपत्र तह पढाइ भयो भने २०४९ सालदेखि उच्च माविको पढाइ सुरु भयो। हाल ढिकुरपोखरी गाविसमा आधारभूत तहका विद्यालय ११, माध्यमिक तहका पाँच र स्नातक तहको क्याम्पस एक छन्। आफ्नै ३६ रोपनी जग्गा रहेको मावि र विद्यालयको भोगाधिकार दिई सञ्चालित क्याम्पस अत्यन्तै रमणीय स्थानमा छ। हाल कक्षा ११ र १२ मा विज्ञान, शिक्षा, व्यवस्थापन र मानविकीका कक्षा सञ्चालनमा छन्। यस्तै, शिक्षाशास्त्र संकायमा नेपाली र अंग्रेजी साथै माइनर विषयमा स्वास्थ्य शिक्षाको पढाइ हुँदै आएको छ। मूल आयोजक समितिका संयोजक पुण्य पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा महासचिव तथा क्याम्पस प्रमुख रामचन्द्र सुवेदीले स्वागत र अर्का महासचिव यादवराज अधिकारीले सञ्चालन गरेका थिए।

# लेकसिटीमा स्वागत र बिदाई

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १३ पुस ।**

गैह्रापाटनस्थित लेकसिटी कलेज एण्ड रिसर्च सेन्टरले क्याम्पसमा भर्ना भएका नयाँ विद्यार्थीलाई स्वागत र पुराना विद्यार्थीलाइ बिदाई गरेको छ । हालै एक कार्यक्रम आयोजना गरि लेकसिटीले विद्यार्थीलाई स्वागत र बिदाई गरेको हो । करिब १० वर्षअघिदेखि स्नातकतहसम्म अध्यापन गराईरहेको लेकसिटीले सुरुदेखि पछिल्लो शैक्षिक सत्रमा उत्तीर्ण भएका विद्यार्थीलाई एकैठाउँ भेला गराएर बिदाई कार्यक्रम गरेको थियो भने नयाँ शैक्षिक सत्रका लागि भर्ना भएका विद्यार्थीलाई स्वागत गरेको थियो। स्थापनाकाल देखि मानविकीमा मुख्य रुपमा पत्रकारिता र समाजशास्त्र विषय अध्यापन गराएको कलेजले यो वर्षदेखि व्यवस्थापन संकायमा बिबिएस पनि अध्यापन गराउन थालेको छ । बिदाई तथा स्वागत कार्यक्रममा पत्रकार महासंघ कास्की अध्यक्ष रामकृष्ण ज्ञवालीले पत्रकारिताका अब्बल विद्यार्थी उत्पादन गरेर लेकसिटीले पत्रकारिता क्षेत्रमा योगदान दिएको बताए ।

समाधान दैनिकका प्रधान सम्पादक नारायण कार्कीले पोखरामा निजी क्षेत्रबाट पत्रकारिता विषय अध्यापन गराएको लेकसिटीले आगामी दिनमा थप शैक्षिक जनशक्ति उत्पादनमा ध्यान दिनुपर्ने बताए । आदर्श समाज दैनिकका प्रधान सम्पादक कृष्णप्रसाद बाँस्तोलाले पोखराको नमूना कलेजको रुपमा लेकसिटीले पहिचान बनाएको बताए । रेडियो अन्नपूर्णका प्रमुख कार्यकारी दीपेन्द्र श्रेष्ठले मुख्य रुपमा पत्रकारिताका विद्यार्थी उत्पादन गर्दै आगामी दिनमा पोखराका सबैजसो मिडिया हाउसमा लेकसिटीबाट उत्पादित जनशक्तिले उच्चस्थान लिन सक्नुपर्ने बताए । पूर्व विद्यार्थी अर्जुन गिरीले पत्रकारिताको सैद्धान्तिक ज्ञानले आफुलाई प्रयोगात्मक रुपमा निकै सहज भएको बताए। लेकसिटीका प्राध्यापक शोभाकान्त सिग्देलले आगामी दिनमा थप अब्बल जनशक्ति उत्पादनमा संस्था लागिपर्ने बताए ।

कार्यक्रममा लेकसिटीका प्रबन्ध निर्देशक ताराबहादुर घिमिरेले शैक्षिक क्षेत्रमा लेकसिटीको योगदानको चर्चा गरेका थिए । लेकसिटीबाट उत्पादित विद्यार्थी विभिन्न संचार माध्यममा उच्च तहमा पुगेको देख्दा आफूहरुलाई खुशी लागेको उनले बताए।

पश्चिमाञ्चल फाउन्डेशनका अध्यक्ष प्राडा विश्वकल्याण पराजुलीले आगामी दिनमा झन मेहनतका साथ प्रतिभाशाली विद्यार्थी उत्पादनमा आफूहरु लागिरहने बताए ।

# कवि लेखनाथ पौड्यालको जन्मजयन्ती शुरु

**पोखरा १३ पुस ।(गोल्डेन)**

कवि शिरोमणि लेखनाथ पौडेलको १३३औं जन्मजयन्तीको त्रिदिवसीय कार्यक्रम वुधबारदेखि सुरु भएको छ । कविको सम्झनामा हरेक वर्ष लेखनाथ नगरपालिकाको संयोजन र कवि शिरोमणि लेखनाथ जन्मस्थल विकास समिति, लेखनाथ साहित्य प्रतिष्ठान, लेखनाथ उद्योग वाणिज्य संघ र विभिन्न सामाजिक संघ-संस्थाको सहकार्यमा जन्मजयन्ती मनाउँदै आईएको हो।

यसैक्रममा जन्मजयन्तीको पहिलो दिन कवि शिरोमणिको प्रतिमा रहेको अर्घौंचोक वरपर सरसफाई र रङरोगन गर्ने काम सम्पन्न भएको छ ।

कार्यक्रममा सृजना बहिरा माबिका विद्यार्थी,लेखनाथ अर्घौं बजार ब्यवस्थापन समिति र लेखनाथ जेसीजको सक्रियतामा सरसफाइको काम सम्पन्न भएको थियो भने अर्घौं अर्चलेमा रहेको तरुण तपसी पार्क र जन्मघर वरिपरी पनि सरसफाइ गरिएको जन्मस्थल विकास समितिका अध्यक्ष विश्व प्रकाश लामिछानेले जानकारी दिएका छन् ।

यसैगरी जन्मोत्सव समारोहको दोस्रो दिन पुष १४ गते लेखनाथ नगरस्तरीय स्थलगत कविता लेखन तथा वाचन प्रतियोगिता गरिने भएको छ, जसको संयोजन लायन्स क्लव अफ लेखनाथले गर्ने भएको छ। त्रि-दिवसीय कार्यक्रमको अन्तिम दिन पुस १५ गते कवि शिरोमणि लेखनाथ पौडेलले रचना गरेको साहित्यिक कृति तरुण तपसी महाकाव्यको नाममा निर्माण गरिएको तरुण तपसी पार्कको उद्घाटन गरिने जन्मस्थल विकास समितिका सचिव मनोज पौडेलले जानकारी दिएका छन् ।

सोही दिन कविको जन्मस्थल अर्घौं अर्चलेमा मूल समारोहको आयोजना गरि विभिन्न साहित्यिक स्रष्टाहरुलाई सम्मान तथा पुरस्कृत गरिने कार्यक्रम रहेको छ ।

यस वर्षको लेखनाथ साहित्य पुरस्कारबाट साहित्यकार तथा भाषाविद् प्राध्यापक वालकृष्ण पोखरेल सम्मानित हुँदैछन् भने सोही कार्यक्रममा लेखनाथ पत्रकार मञ्चले यसै वर्षदेखि स्थापना गरेको लेखनाथ पत्रकारिता पुरस्कारबाट पत्रकार मेघराज आचार्यलाई पुरस्कृत गरिने लेखनाथ पत्रकार मञ्चका अध्यक्ष भीमपाणि बरालले जानकारी दिएका छन् ।

# सरस्वती आधारभूत विद्यालयलाई डेक्स बेन्च

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १३ पुस ।**

माछापुच्छ्रे वैंक लिमिटेड पोखराले पोखरा -१२ ढिकालेथरमा रहेको सरस्वती आधारभूत विद्यालयलाई ४० हजार रुपैयाँ वरावरको डेक्स तथा वेन्च सहयोग गरेको छ । विद्यालयलाई डेक्स तथा वेन्च हस्तान्तरण गर्दै वैंकका नयाँवजार शाखाका प्रवन्धक जय प्रसाद सापकोटाले बैंकले सामाजिक उत्तरदायित्व वहन गर्दै विद्यालयलाई सहयोग गरेको बताए।

उनले आगामी दिनमा पनि आँफूहरुले सामाजिक संघ-संस्था एवं विद्यालयलाई यसरीनै सहयोग गर्दै जाने प्रतिवद्धता व्यक्त गरे ।

विद्यालय व्यवस्थापन समितिका सदस्य कृष्णप्रसाद गौतमको अध्यक्षतामा भएको कार्यक्रममा समाजसेवी वोधराज घिमिरे, माछापुच्छ्रे बैंकका अनुज सिग्देल, वीरेन्द्र केसी माछापुच्छ्रे बैंकले गरेको सहयोगको खुलेर प्रशंसा गरेका थिए ।

कार्यक्रममा सहायक प्रअ कुमारी गुरुङले स्वागत मन्तव्य व्यक्त गरेकी थिईन् । कार्यक्रमको संचालन विद्यालयका प्रधानाध्यापक रुद्र रानाभाटले गरेका थिए ।

यसैगरी सरस्वती आधारभूत विद्यालयमा बुधवार विद्यालय व्यवस्थापन समिति गठन गरेको छ। समितिको अध्यक्षमा कृष्णप्रसाद गौतम, सदस्यहरुमा मीना विक, लुलबहादुर विक, रामबहादुर गुरुङ, तुलसी रम्तेल, सीता कोईराला, शिक्षक प्रतिनिधि यशोदा कोईराला र सदस्य सचिव विद्यालयका प्रधानाध्यापक रुद्रवहादुर रानाभाट रहेका छन् ।

विद्यालयका निरीक्षक खेमराज पौडेलको संयोजकत्वमा गठित छनौट समितिले सर्वसम्मत चयन गरेको थियो । नयाँ शिक्षा ऐन अनुसार स्थानीय, वुद्धिजीवि, शिक्षाप्रेमी, सस्थापकहरुबाट सदस्यमा मनोनित गरिएका ६ जना सदस्यवाट आपसी सहमतिमा अध्यक्ष चयन गरिएको हो ।

# एलजीकप जारी

**पोखरा १३ पुस ।**

लालीगुराँस एशोसिएशन पोखरा द्वारा आयोजित सेभेन ए साइड फुटबल प्रतियोगितामा प्रि क्वाटरका खेल सम्पन्न भएका छन्। बुधवार सम्पन्न अन्तिम प्रि-क्वाटरका खेलहरुमा काजीपोखरीले बाँझपाटन बिलाई २-० ले, संगम एफ.बी युनाइटेड लाई पेनल्टीमा ३-२ ले, अक्सिजन लेकसाइडले एपिएफ लाई १-० ले, बाँझापाटन ए ले एकता एफसीलाई २-१ ले, तारा एफ सी बि ले पेनाल्टीमा भ्याली क्लवलाई ३-१ ले, पश्चिम क्षेत्रिय गण नेपाल प्रहरी ले तारा एफसी ए लाई पेनाल्टीमा ५-४ ले र आयोजक एलजी ए ले मिलनटोल बि १-० गोल अन्तरले जिजयी भए भने आयोजक एलजि बि टिम भने नेपाली सेना संग १-० पराजित भएको आयोजकले जनाएको छ । प्रतियोगिता अन्तर्गत विहीबार वाट क्वाटर फाइनलका खेलहरु संचालन हुने छन् । एक लाख २५ हजार ५ सय ५५ नगद राशि प्रथम पुरस्कार रहेको प्रतियोगिताको उपविजेता टिमले ७५ हजार ५ सय ५५ रुपैयाँ प्राप्त गर्ने छ । प्रतियोगिता पुष १५ गतेसम्म संचालन हुने छ ।

# सिद्ध आधारभूत विद्यालयको वार्षिकोत्सव

**पोखरा १३ पुस ।(गोल्डेन)**

कास्कीको कालिका गाविस सुर्केमैदानमा रहेको श्री सिद्ध आधारभूत विद्यालयको ३८औं वार्षिकोत्सव तथा अभिभावक दिवस सम्पन्न भएको छ । कार्यक्रमको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सत्यराज भण्डारीले गरेका थिए । कार्यक्रममा २०७२ सालमा विद्यालयको वार्षिक परिक्षामा उत्कृष्ट विद्यार्थी, विद्यालयको अतिरिक्त क्रियाकलाप तथा खेलकुद गतिविधिमा सहभागी विद्यार्थीहरु लाई पुरस्कार वितरण गरिएको थियो । कार्यक्रममा सुर्केमैदान सृजनशिल युवा क्लबका अध्यक्ष प्रकाश पौडेल, अभिभावक देवेन्द्रराज भण्डारी, ईन्जिनियर बाबुराम भण्डारी, पूर्णप्रसाद भूजेल लगायतले बोलेका थिए ।

उक्त अवसरका विद्यालयका प्रधानाध्यापक नेत्रकुमारी पराजुलीले विद्यालयको आय-व्यय प्रतिवेदन प्रस्तुत गरेका थिए। सोही अवसरमा विद्यालयका निवर्तमान प्रधानाध्यापक कृष्णप्रसाद पौडेललाई सम्मान तथा बिदाई गरिइएको थियो ।

उनलाई विद्यालय व्यवस्थापक समितिका अध्यक्ष सत्यराज भण्डारीले सम्मान व्यक्त गर्दै विदाई गरेका थिए भने प्रभावशाली महिला समूहका अध्यक्ष रुकविना पौडेलले मायाको चिनो प्रदान गरेका थिए । विद्यालय व्यवस्थापक समितिका अध्यक्ष भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत शिक्षिका प्रतिमा अधिकारीले गरेका थिए भने सञ्चालन शिक्षक नवराज पौडेलले गरेका थिए ।

# मिस नेवा पोखरा नेपाल संवत ११३७ हुने

**पोखरा १३ पुस ।**

नेवा खल कास्कीको आयोजनामा मिस नेवा पोखरा नेपाल संवत ११३७ हुने भएको छ । प्रतियोगिताका लागि आवेदन खुल्ला गरिएको कार्यक्रम संयोजक शम्भुलाल श्रेष्ठले जानकारी दिए । प्रतियोगिताका लागि २२ वर्ष नकटेका अविवाहित नेवार युवतिहरुले भाग लिन सक्ने छन् । पुष २४ गतेदेखि माघ ४ सम्म परेका आवेदन माथि छानविन गरि प्रतिस्पर्धीको छनौट गरिने आयोजकले जनाएको छ ।

प्रतियोगिता सम्पन्न गर्न शम्भुलाल श्रेष्ठको संयोजकत्वमा २२ सदस्यिय कमिटी तथा ६ सदस्यिय सल्लाहकार समिति गठन गरिएको छ । जसमा सहसंयोजक गजेन्द्रमान श्रेष्ठ, सारा बजिमय, तालिम संयोजक चन्द्रबहादुर राजभण्डारी, अर्थ संयोजक सुरेन्द्र श्रेष्ठ, निणार्यक मण्डल संयोजक रश्मिता नकर्मी, श्रृङ्गार ब्यवस्थापन संयोजक मिना प्रधान, ब्यानर ब्यवस्थापनमा सागर उदास, कोरियोग्राफर सुलोचना शाक्य, प्रचारप्रचार संयोजक सन्जय मल्ल, ड्रेस डिजाइनर सुमित्रा श्रेष्ठ, सहभागी ब्यवस्थापन संयोजक शान्ती उदास, ट्यालेन्ट सो ब्यवस्थापन संयोजक श्रीया बुद्धाचार्य, स्वयंसेवक ब्यवस्थापन संयोजक रामबहादुर रजक तथा फोटो सेसन ब्यवस्थापन संयोजक करिश्मा साई रहेका छन् ।

सल्लाहकार समिति सदस्यहरुमा रन्जन बुद्धाचार्य, निरन्जन बुद्धाचार्य, ईश्वर कर्माचार्य, प्रदिप रन्जित, विक्रम उदास र सुविन्द्र श्रेष्ठ रहेका छन् । नेवा खल कास्कीले हरेक वर्ष नेवारी युवतिहरुको प्रतिभा प्रस्फुटन, ब्यक्तित्व विकास तथा नेवारी संस्कृति हस्तान्तरणका लागि भन्दै मिस नेवा पोखरा कार्यक्रम गर्दै आएको छ । सहभागीहरुलाई १ महिने लामो तालिम प्रदान गरिने नेवा खल कास्कीका अध्यक्ष अशोक पालिखेले बताए। तालिममा नेवारी भाषा, संस्कृति, नाच, संगीत, तथा नेवारी सभ्यताका साथै ब्यक्तित्व, नेतृत्व विकास र बोल्ने कलाका विषयमा तालिम प्रदान गरिने पालिखेले बताए ।

**रेष्टुरेन्ट विक्रीमा**

पोखराको चिप्लेढुङ्गा स्थित पोखरा ट्रेडमलको ठीक अगाडि, आरके विल्डिङमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारण वश विक्रीमा छ।

सम्पर्क :९८०५८७३१९१

**खुशीको खबर !**



के तपाईंलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने, ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

**सेक्युरिटी गार्डमा वैदेशिक रोजगारमा जानको लागि तालिमको सुवर्ण अवसर**

Abudhadi को Spark middle Cast Star Skill Force, UAE को DPS, कतारको Group-4, बहराईन, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रियस्तरको Diplomatic सेक्युरिटी गार्ड तालिम, अग्रेजी भाषा र अन्तरवार्ताको तयारी कक्षाहरु सञ्चालन भइरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गरि आफ्नो सुनौलो भविष्यको सुनिश्चित गर्नुहोला।

हाम्रो विशेषताहरु :
❖१००% उत्तीर्ण गराउन सफल।
❖छोटो समयमा नै ख्याती प्राप्त गुणस्तरीय तालिम।
❖DPS र PSBD का Objective Questions Answer को प्राक्टिकल र मोडल Questions Answer को अध्ययन गराइने।

सम्पर्क
आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
पृथ्वीचोकबाट १०० मि. तल एयरपोर्ट जाने बाटोमा
(मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा इलेक्ट्रोनिक्स भवन -तल्लो तलामा)
फोन नं. ०६१-५३०७२४, मो.९८४६३५५३४२,९८०६७०८२४६

**विदेश जानेहरुका लागि सुवर्ण अवसर**

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरु :-
तयारी कक्षा धमाधम चलिरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट २०० मिटर तल (स्याङ्जा जाने बाटो)
होटल स्टार रवि संगै
फोन:०६१-५५०२५२, मो. ९८४६०४१४९२

**अनेक समस्या सफल उपचार**

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

हामीकहाँ पियार एलोभेरा जुस पाइन्छ ।

महिला सम्वन्धि समस्या

महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वोदिक पद्दतिवाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने

सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।

दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।

थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल ।

माछापुच्छ्रे हर्बो ट्रेड
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, मो. ९८४६१३७४१८

**सस्तोमा जहाज टिकट**

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

**"रंगहरूको अन्तिम गन्तव्य"**

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
*एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान , वाटर प्रुफिङ गरिन्छ ।*
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

**पोखरामा पहिलो पटक**

यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्वल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनलिल।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

# सुरौदी खोला संरक्षणमा स्थानीयको चासो

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ पुस ।

कास्की, तनहुँ र स्याङ्जाको सीमाना भएर बग्ने सुरौदी खोला संरक्षणका लागि स्थानीयहरुले चासो देखाएका छन् । सुरौदी खोला संरक्षणका लागि सुरौदी खोला आसपासका सामुदायिक वन उपभोक्ता समूहहरुले चासो देखाएका हुन् । जसपुर सामुदायिक वन उपभोक्ता समिति जसपुर तनहुँको आयोजनामा सुरौदी खोला संरक्षणको बारेमा हालै अन्तरक्रिया कार्यक्रम समेत सम्पन्न गरेको छ ।

सुरौदी खोलामा ध्यान नदिदा खोलामा माछा मार्नका लागि विष, करेण्ट र बम प्रहार गर्ने क्रम बढेपछि खोलामा हुने जलचर संरक्षणका लागि सो क्षेत्रमा रहेका विभिन्न बन उपभोक्ता समूहहरुले चासो देखाउँदै छलफल कार्यक्रम सम्पन्न गरेको हो ।

कार्यक्रममा वोल्दै पश्चिमाञ्चल क्षेत्रीय बन कार्यालयका उपनिर्देशक राजेन्द्रमान भण्डारीले सामुदायिक बन उपभोक्ता समितिले बन संरक्षण संगै खोलाको संरक्षणमा देखाएको



सदासयताका लागि आभार प्रकट गरे । आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने समेत भण्डारीले प्रतिवद्धता ब्यक्त गरे ।

कार्यक्रममा कास्की, स्याङ्जा र तनहुँका सुरौदी खोलासंग जोडिएको १८ वटा सामुदायिक बन उपभोक्ता समितिहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमले विभिन्न निर्णयहरु गर्दै पर्यावरण संरक्षण तथा जलाधार क्षेत्र विकास गर्नका लागि गत मंसिर २३ गते गठित तदर्थ समितिलाई यथावत् राखी सो समितिमा नसमेटिएका सामुदायिक वनका पदाधिकारीहरुलाई समेत समेटेर समिति गठन गरेको छ ।

जस अन्तर्गत मनराज गुरुङको संयोजकत्वमा सदस्यहरु खुम प्रसाद गुरुङ, खेमराज सुवेदी, टेक नारायण कोइराला, कोष तामाङ, विनोद गुरुङ, मानकाजी गुरुङ ,चेत महत, मन बहादुर भुजेल,इन्द्र बहादुर भुजेल, राम बहादुर खत्री,टीका राम पौडेल, तेजबहादुर गुरुङ ,कमल बहादुर रोकाहा र रेहम बहादुर थापा रहने गरी १५ सदस्सीय तदर्थ समिति चयन गरिएको हो ।

साथै तनहुँ, स्याङ्जा र कास्की जिल्लाको सुरौदी खोला जलाधार संरक्षण उपसमिति गठनका लागि सम्बन्धित जिल्लाको ११ जना संयोजक रहने गरी तनहुँबाट टेक नारायण कोइराला,स्याङ्जाबाट तेज बहादुर गुरुङ र कास्कीबाट हरि गोरखाल लाई चयन गरिएको छ ।

कार्यक्रममा जसपुर सामुदायिक वन उपभोक्ता समितिका सचिव मनराज गुरुङ्गले कार्यक्रमको मुख्य उदेश्य बारे जानकारी दिंदै सहभागिहरुलाई स्वागत गरेका थिए । कार्यक्रममा छिमेकी जिल्ला स्याङ्जा र कास्कीमा रहेको सामुदायिक वन समूहका अध्यक्ष एवं प्रतिनिधिहरुको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन कोषाध्यक्ष मनबहादुर भूजेलले गरेका थिए ।

# टेनिस उपाधि भूषण र मायांकाको पोल्टामा

पोखरा १३ पुस ।(गोल्डेन)

नेपाल सरकार राष्ट्रिय खेलकुद परिषद्द्वारा आयोजित सातौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत टेनिस पुरुष एकलतर्फको उपाधि नेपाल आर्मीका संरक्षण भूषण बज्राचार्यले जितेका छन् । बुधबार फाइनल खेलमा उनले नेपाल प्रहरीका कमल भण्डारीलाई २-० को सोझो सेटमा पराजित गर्दै स्वर्ण पदक चुमे ।

यस्तै महिला एकलतर्फ पनि पुलिस क्लवले नै स्वर्ण पदक जितेको छ । पुलिसका मायांका राणाले पुलिसकै माहिका राणालाई पराजित गरेर स्वर्ण पदक जितेकी हुन् । यो संगै सातौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत टेनिसमा पुलिसले सबैभन्दा बढि ३ स्वर्ण जित्यो । पश्चिमाञ्चलले टिम इभेण्ट र पुरुष डबल्सको गरि २ वटा स्वर्ण जित्न सफल भयो । पुरुष डबल्सतर्फ पश्चिमाञ्चलका कुमार अधिकारी र अनिल शाहिको जोडीले फाइनल खेलमा एपीएफका सन्तोष खत्रि र श्रीराम मगरको जोडीलाई २-० कै सोझो सेटमा पराजित गरेका हुन् ।

महिला डबल्सतर्फ नेपाल पुलिसका माहिका र मायांकाको जोडीले स्वर्ण जित्यो । राणा जोडीले फाइनल खेलमा आर्मीका इरा रावत र अभिलाषा विष्टको जोडीलाई पराजित गरेको हो । प्रतियोगितामा पदक जित्ने खेलाडीहरुलाई समापन समारोहका प्रमुख अतिथि नेपाली सेना, पश्चिम पृतनाका पृतनापति जगदिशचन्द्र पोखरेल, नेपाल टेनिस संघका अध्यक्ष ज्योती राणा, निवर्तमान अध्यक्ष मनोज राणा लगायतले एक समारोहका विच पुरस्कार वितरण गरे । समापन समारोहमा बोल्दै नेपाल टेनिस संघका उपाध्यक्ष विनोद कायस्थले टेनिस प्रेमीहरुको सहयोगमा पोखरामा पाँचवटा कोर्ट बनाउन सकेकालेनै पोखरामा राष्ट्रिय प्रतियोगिता आयोजना गर्ने अवसर मिलेको बताए । कास्की जिल्ला टेनिस संघका उपाध्यक्ष समेत रहेका कायस्थले कोर्ट बनाउन सहयोग गर्ने सहयोगीहरुलाई धन्यबाद ज्ञापन गर्दै अब कास्की युवा तथा प्रतिभावन खेलाडीको खोजीमा हुने बताए ।


## स्त्रीरोगको नि:शुल्क स्वास्थ्य परीक्षण शिविर
## डा.सुप्रिया श्रेष्ठ पुस १५ र १६ गते पञ्चम आयुर्वेदमा

**स्त्री रोगका लक्षणहरू**: महिनावारी गढबढी, महिनावारी समयमा नहुने, रगत धेरै बग्ने थोरै हुने, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, योनी चिलाउने, पाठेघरमा हुने विभिन्न समस्याहरु जस्तै पाठेघरमा मासु पलाएको, Fibroid, पाठेघर ठूलो भएको, ढाड दुख्ने, छालाका समस्याहरु, योनी चिलाउने रोग कालोपोतो, डण्डिफोर, थायराइडका समस्याहरु।
**ग्याष्ट्रिक**: पुरानो गानोगोला पेट पोल्ने, दुख्ने अमिलो पानी आउने पेट फुल्ने, पत्थरी।
**बाथ तथा युरिक एसिड** : शरीरका हाड जोर्नी दुख्ने, सुनिने पोल्ने ढाड दुख्ने।
मलद्वारका रोगहरु पायल्स, फिस्टुला, फिसर, कब्जियत दिशा गर्न गाह्रो हुने, गर्भवती समयमा भएको पायल्सका समस्या।
पिनास तथा नाकको एलर्जी रुघा लागिरहने चिसोको एलर्जी नाक बन्द हुने।
जन्डिस, आँखा पहेला हुने खान मन नलाग्ने जस्ता समस्या भएका विरामीहरुले सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।
फोनबाट पनि नाम दर्ता गराउन सकिने छ।
विरामी परीक्षण : बिहान १० बजेबाट वेलुका ३ बजेसम्म

**सम्पर्क : पञ्चम आयुर्वेद क्लिनिक प्रा.लि.**
पोखरा-१०, ईन्द्रचोक (पोखरा रंगशाला नजिकै)
फोन नं. : ०६१४३२२४२, ९८४६०६८८०६
*नोट : औषाधि तथा अन्य परीक्षणमा समेत विशेष छुटको व्यवस्था गरिएको छ।*


# जिएमसीका सेवाहरु तत्काल सुचारु गर्न आग्रह

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ पुस ।

चिकित्सकहरूको आन्दोलनका कारण विगत २३ दिनदेखि बन्द रहेको पोखराको गण्डकी मेडिकल कलेजमा आन्दोलनरत चिकित्सक र प्रशासन पक्षलाई भेट्दै अधिकारकर्मीहरूले अस्पतालमा अवरुद्ध रहेको सेवा शीघ्र सुचारू गर्न अनुरोध गरेका छन् ।

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय पोखरा, अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक क्षेत्रीय कार्यलय पोखरा, शान्तिका लागि नागरिक समाजको सञ्जाल कास्की र मानव अधिकारका पत्रकार संघ लगायतका मानव अधिकारका क्षेत्रमा पोखरामा क्रियाशिल व्यक्तित्व सहभागी एक टोलीले बुधवार आन्दोलनरत् चिकित्सकहरू र कलेजको प्रशासनपक्षलाई भेटी विवाद समाधान गरेर अस्पतालको सेवा सुचारू गर्न अनुरोध गरेको हो । कलेज प्रशासनद्वारा निष्काशन गरिएका डाक्टरहरूको पून:वहाली गरिनुपर्ने, श्रमऐन अनुसार करारका कर्मचारीहरूलाई स्थायी गरिनुपर्ने, समय सापेक्ष तलब बृद्धि गरिनुपर्ने र महिना बितेको एकसाता भित्र तलब वितरण गर्नुपर्ने जस्ता ४ बुँदे माग राख्दै गण्डकी मेडिकल कलेजका चिकित्सकहरू विगत २३ दिन देखि आन्दोलन गरिरहेका छन् ।

अधिकारकर्मीहरूको टोलीसंग आन्दोलनरत् चिकित्सकहरूले आफूहरूको जायज मागलाई पनि कलेज प्रशासनले ध्यान नदिएका कारणले नै आन्दोलन यतिका दिनसम्म लम्बिएको गुनासो गरे । आन्दोलनरत् चिकित्सकका तर्फबाट डाक्टर तारा कोईरालाले कलेज प्रशासनले वार्ताको लागि गम्भीरतापूर्वक तयार नभएका कारण चिकित्सा र अध्यापन सेवा रोक्नुपरेको बताए ।

यता, कलेजका प्रमुख कार्यकारी अधिकृत सन्तोष कुमार खनालले भने करार अवधि सकिएपछि दुईजना डाक्टरहरूको सेवा अवधि सकिएको र उनीहरूलाई निष्काशन नगरेको बताएका छन् ।

प्रमुख कार्यकारी अधिकृत खनालले चाँडो भन्दा चाँडो वार्तामार्फत समस्या समाधान गरि अस्पताल सेवा सुचारू गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । सोही कलेजमा एमविविएस तर्फ अन्तिम वर्षमा अध्ययनरत् विद्यार्थीहरूले भने चिकित्सक र अस्पताल प्रशासन बीचको विवादले गर्दा आईतबारबाट सुरू हुने प्रयोगात्मक परीक्षालाई आन्दोलनरत् चिकित्सकहरू र कलेजको प्रशासनपक्षलाइ बार्तामा बसी समस्याको समाधानमा लाग्न अनुरोध गर्दै विद्यार्थीहरूले चिन्तित रहेको बताएका छन् ।

# छतबाट खसेर मृत्यु

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ पुस ।

पोखरा ८ जाल्पारोड घर भएका वर्ष ६३ को देवबहादुर गुरुङ आफ्नै घरको छतबाट खसेर मृत्यु भएको छ। घरको पहिलो तलाबाट अचानक तल खस्दा घाइते भई उपचारको लागि मेट्रोसिटी अस्पतालमा लगेको र उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । घटनाको सम्बन्धमा आवश्यक अनुसन्धान भईरहेको प्रहरीले जानकारी दिएको छ ।


गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on :
www .goldennews .com .np



## सांस्कृतिक (ल्हफेव/कुम्भ-मेला) पर्वको अवसरमा भाडादर छुट गरिएको सूचना !

हिमालपारिको जिल्ला मुस्ताङको थाक सात सय क्षेत्रमा बसोबास गर्दै आएका (चारचन) स्थानीय थकाली समुदायहरुको परम्परागत ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महानुपर्व (ल्हफेव/कुम्भ-मेला) अर्थात् बाह्रवर्षीय देवता निकाल्ने पर्वमा सम्पूर्ण आगन्तुक पाहुनालाई हार्दिक स्वागत गर्दछौं।पर्वको अवसरमा थकाली सेवा समिति नदिपुर पोखरासमक्ष भएको सहमति अनुसार मुस्ताङ जीप तथा बस व्यवसायी समिति मुस्ताङले सम्पूर्ण यात्रु-महानुभावहरुको सेवा र सुविधाका लागि निम्न अनुसार भाडादर कायम गरिएको व्यवहोरा जानकारी गराउँदछौं।



**4w जीप भाडादर (११ जना)**

| क्र.स. | स्थान | स्थान | भाडादर |
|---|---|---|---|
| १. | पोखरा | जोमसोम | १,५००।-(प्रतिव्यक्ति) |
| २. | पोखरा | लाजुङ | १,४००।-(प्रतिव्यक्ति) |
| ३. | पोखरा | जोमसोम | १,५०००।-(रिर्जभ, ११ जना) |
| ४. | पोखरा | लाजुङ | १२,५००।-(रिर्जभ,११ जना) |
| ५. | लाजुङ/मुक्तिनाथ/लाजुङ | --- | १२,०००।-(रिर्जभ,११ जना) |
| ६. | लाजुङ | जोमसोम | ३,०००।-(रिर्जभ,११ जना) |
| ७. | लाजुङ | मार्फा | २५,००।-(रिर्जभ,११ जना) |
| ८. | लाजुङ | टुकुचे | १,८००।-(रिर्जभ,११ जना) |
| ९. | लाजुङ | लेते | २,०००।-(रिर्जभ,११ जना) |
| १०. | लाजुङ | घाँसा | ३,०००।-(रिर्जभ,११ जना) |

**बस भाडादर (२६ जना)**

| क्र.स. | स्थान | स्थान | भाडादर |
|---|---|---|---|
| १. | पोखरादेखि लाजुङ हुँदै | जोमसोम | १,०००।- प्रतिव्यक्ति |

**लाजुङबाट लोकल भाडादर ( बससेवा )**

| क्र.स. | स्थान | स्थान | प्रति व्यक्ति भाडादर |
|---|---|---|---|
| १. | लाजुङ | जोमसोम | २१०।- |
| २. | लाजुङ | मार्फा | १५०।- |
| ३. | लाजुङ | टुकुचे | ७०।- |
| ४. | लाजुङ | कोबेठाटी पुल | ४०।- |
| ५. | लाजुङ | घाक्लाङ | ५०।- |
| ६. | लाजुङ | धम्पु पुल/लेते | १००।- |
| ७. | लाजुङ | मिस्ती | १५०।- |
| ८. | लाजुङ | घाँसा | २१०।- |

नोट: २६ जना यात्रु नपुगेमा भाडादर दामासाहिले व्यवहोर्नु पर्नेछ । हामीलाई निम्न फोन नम्बरहरुमा सम्पर्क गर्नुहोला ।
१. नवीन भट्टचन (संयोजक)/पोखरा जिरो कि.मी. काउन्टर-९८४७४८२०२८
२. अनुज गौचन (सदस्य)/ पोखरा हल्लनचोक-९८५७६५०३३७
३. मिङ्वयुर गुरुङ (सदस्य)/बेनी-जोमसोम- ९८५७६५०२२५

मिनप्रसाद शकाली, अध्यक्ष | हरि गौचन, सचिव | यमप्रसाद शकाली, वरिष्ठ सल्लाहकार
**मुस्ताङ जीप तथा बस व्यवसायी समिति**
जोमसोम, मुस्ताङ


# टिभिएस मोटरसाईकलको एक्सचेञ्ज क्याम्प

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ पुस ।

पोखरामा टिभिएस मोटरसाईकलको एक्सचेञ्ज क्याम्प सम्पन्न भएको छ। टिभिएसको गण्डकी धौलागिरी क्षेत्रको आधिकारिक विक्रेता बतास व्रदर्श प्रालिको आयोजनामा पुस ११ गतेदेखि १३ गतेसम्म भएको ३ दिने एक्सचेञ्ज क्याम्पमा ५३ वटा मोटरसाईकल तथा स्कुटरहरु साटफेर भएको बतास व्रदर्श टिभिएस युनिटका विक्री प्रवन्धक सन्तोष पोखरेलले जानकारी दिए ।

यस क्षेत्रमा विक्री प्रवर्द्धन गर्ने कम्पनीको उदेश्य अनुसार भएको एक्सचेञ्जमा ग्राहकहरुको उल्लेखनीय सहभागिता भएको र बजार विस्तार गर्न सफल भएको पोखरेलको भनाई छ।

"टिभिएस एउटा स्थापित व्राण्ड हो। आम ग्राहकवर्गहरुलाई समयसापेक्ष रुपमा नयाँ नयाँ मोडलहरु बजारमा ल्याउने र विक्री वढाउन हामी सफल भयौं", पोखरेलले भने,-"प्रवर्द्धनात्मक कार्यहरुलाई आगामी दिनमा पनि निरन्तरता दिन्छौं"।

एक्सचेञ्जमा टिभिएस व्राण्डको अपाचे आरटिआर २०० फोर भि र टिभिएस ओइगो सवैभन्दा वढि ग्राहकको रोजाईमा परेको वताईन्छ। नेपालमा टिभिएस व्राण्ड शंकर गुप्र अन्तर्गतको जगदम्वा मोटर्स प्रालिले विक्री गर्दै आएको छ ।


## के तपाईमा यौनसम्बन्धी समस्या छ ?

**पुरूषमा देखिने** : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।
**महिलाहरूमा देखिने** : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू ।

**महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानको सफल उपचार**
**मलद्वार सम्बन्धी रोग** : पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दु:ख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।

बिरामी जाँच्ने समय : बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।



## महोत्सवका आकर्षणहरु

**Live Band**
* 28th Dec. Local Bands
* 29th Dec. Robin & The New Revolution
* 30th Dec. Sabin Rai & the Pharoah
* 31th Dec. Naren Limbu & Band
  Anuprastha, Laure with DJ
* 1st Jan. Mongolian Hearts

**लोक तथा दोहोरीगीत तर्फ**

प्रजापति पराजुली, पुरुषोत्तम न्यौपाने, कोमल ओली, बद्रि पंगेनी, रामजी खाँड, ज्योती मगर राजु परियार, शिव ह्माल, जीवन दाह्राल, सरला पाण्डे, राजन गुरुङ, प्रिति आले, नविन पौडेल, भुमिका गिरी, घनश्याम रिजाल, शंकर बिरही गुरुङ, शिवहरि ढुङ्गाना, कुमार पुन लगायत चर्चित लोक दोहोरी गायक गायीकाहरुको बेजोड प्रस्तुति रहनेछ ।

**विभिन्न हाँस्य व्यङ्ग्य प्रस्तुतीहरु**

मेरी बास्सै, जिरे खुर्सानी, खासखुस, गडबडी, लगायत हास्य टेलिसिरियलका कलाकारहरुको प्रस्तुति र रोचक रत्यौली गीत प्रतियोगिता एवम् नृत्य साथमा वरिष्ठ उद्घोषक नेत्रपाणि बास्तोला

**बाल उद्यान, कोमागाने पार्क भित्र**

**विभिन्न साँस्कृतिक समूहको प्रर्दशनी**




यात्रुहरुको सुविधाको लागि रात्रिकालिन माइक्रोबसको व्यवस्था गरिएको छ ।

Main Sponsors: Carlsberg, ROYAL TREASURE
Sub Sponsor: Coca-Cola
Supported by: Mixology, Red Bull, Pokhara Himalayan Meats, Sitaz, Nepal Telecom, पोखरा उपत्यका नगर विकास समिति, पोखरा उपमहानगरपालिका, पश्चिमाञ्चल होटल संघ
Official Bank: Siddhartha Bank
Media Partners: ABC, नयाँ पत्रिका
Internet Partner: WORLDLINK
Promoted by: NTB
Organized by: REBAN


सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष / प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा